नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## बालिकामाथि यौन हिंसाको अवस्था भयावह

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपालमा बालिकामाथि हुने यौन हिंसाको अवस्था भयावह बन्दै गएको छ । नेपाल प्रहरीको तथ्याङ्कअनुसार पछिल्ला पाँच आर्थिक वर्षमा मात्रै १० वर्षमुनिका १ हजार २ सय १७ बालिका बलात्कारको सिकार भएका छन् । अर्थात्, औसतमा हरेक वर्ष करिब २५० अबोध बालिका बलात्कारमा परेको प्रहरी तथ्याङ्कले देखाउँछ।

आर्थिक वर्ष २०७८/७९ मा १० वर्षमुनिका २६८ बालिका बलात्कारको सिकार भएका थिए। २०७९/८० मा २५९, २०८०/८१ मा २५२ र २०८१/८२ मा २१७ जनामा झरेको यो संख्या २०८२/८३ मा पुनः बढेर २२१ पुगेको छ । बालिकामाथि हुने बलात्कारका घटना प्रहरीको तथ्याङ्कमा देखिएभन्दा अझ धेरै हुनसक्ने सरोकारवालाको अनुमान छ । सामाजिक दबाब, पारिवारिक प्रतिष्ठाको डर तथा घटनालाई गाउँघरमै मिलापत्र गराउने प्रवृत्तिका कारण कतिपय घटना प्रहरीसम्म नपुग्ने गरेको बताइएको छ।

● वर्ष ४ ● अंक २६० ● २०८३ साल भाद्र १० गते बुधबार ● Wednesday 26, August 2026 ● सूर्योदय: बिहान ०५:३९ बजे ● सूर्यास्त: साँझ ०६:३१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# कांग्रेस–एमाले–नेकपा गठबन्धन कायमै राख्ने सहमति

**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रदेश सरकारमा कांग्रेस–एमाले गठबन्धन भत्किएपछि त्यसको प्रभाव ६ वटा प्रदेशमा परेको छ । अन्य प्रदेशमा एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच नयाँ राजनीतिक समीकरण बने पनि मधेश प्रदेशमा भने कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीबीचको गठबन्धन कायमै छ।




अन्य ६ प्रदेशमा कांग्रेस–एमाले गठबन्धन टुटेपछि एमाले र नेपाली कम्युनिस्ट पार्टीको सहकार्यमा सरकार सञ्चालनको तयारी भइरहँदा मधेशमा भने कांग्रेसको विकल्प खोजिएको छैन । केन्द्रमा समेत मधेश प्रदेशको हकमा गठबन्धन नतोड्ने सहमति कांग्रेस र एमालेबीच भएको बताइएको छ।

मधेश प्रदेशसभामा जनता समाजवादी पार्टी नेपाल सबैभन्दा ठूलो दल भए पनि कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीको गठबन्धन सरकारमा रहेका कारण जसपा नेपाल प्रतिपक्षमा छ । अग्रगामी मोर्चामा रहेको जसपा नेपालले प्रदेशसभाको अर्को निर्वाचनसम्म सरकारमा सहभागी नहुने निर्णय गरिसकेको छ।

कांग्रेस नेता महेन्द्र यादवले अन्य प्रदेशमा कांग्रेस–एमाले गठबन्धन भत्किए पनि मधेशमा भने नटुट्ने दाबी गरेका छन् । मधेशमा कांग्रेस, एमाले र नेकपाकै सरकार रहने बताउँदै उनले तीन प्रमुख दल सरकारमा रहेकाले बलियो प्रतिपक्ष आवश्यक रहेको र त्यो भूमिका जसपा नेपालले निर्वाह गर्ने बताए।

'कांग्रेस–एमालेले मात्र होइन, नेकपाले पनि मधेशवादी दललाई सरकारको नेतृत्व दिन चाहेको छैन,' यादवले भने, 'मधेशवादी दलहरूले विगत आठ वर्षदेखि मधेश प्रदेश सरकार चलाए, तर संघीयतामाथि नै प्रश्न उठ्न थाल्यो। त्यसैले अब कांग्रेस, एमाले र नेकपा मिलेर सरकार चलाउँछन्।'

मधेशवादी दलको नेतृत्वमा सरकार रहँदा प्रदेशमा थुप्रै बेथिति जन्मिएको दाबी गर्दै यादवले उनीहरूले सरकार सञ्चालन गर्न नसकेकै कारण कांग्रेसले नेतृत्व लिनुपरेको बताए।

तर, एमाले नेता तथा मधेश प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठले जसपा नेपाल सरकारमा सहभागी हुन तयार नभएकै कारण कांग्रेस, एमाले र नेकपा मिलेर सरकार सञ्चालन गर्नुपरेको बताएका छन्।

श्रेष्ठका अनुसार जसपा नेपालभित्रै सरकारमा जाने वा नजाने तथा सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा विवाद छ। जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच एकता भए पनि पार्टी समायोजनलगायतका विषय टुंगिन नसकेका कारण सरकार गठनमा अन्योल देखिएको उनको भनाइ छ।

एमालेले जसपा नेपाललाई समेत समेटेर सरकार बनाउन चाहेको भए पनि जसपा नेपाल तयार नभएपछि कांग्रेस नेतृत्वको सरकारलाई निरन्तरता दिनुपरेको श्रेष्ठले बताए।

कांग्रेस–एमाले गठबन्धन कांग्रेसकै कारण भत्किएको दाबी गर्दै श्रेष्ठले सुदूरपश्चिमलगायत प्रदेशमा कांग्रेस एकोहोरो ढंगले अघि बढेपछि एमाले नयाँ गठबन्धन बनाउन बाध्य भएको बताए।

यादवले भने श्रेष्ठको दाबी अस्वीकार गरेका छन्। उनका अनुसार देशका तत्कालीन दुई ठूला दल कांग्रेस र एमाले मिलेर सरकार बनाउँदा राजनीतिक रूपमा आलोचना भएको थियो । प्रदेशमा बलियो प्रतिपक्ष आवश्यक भएकाले कांग्रेस गठबन्धनबाट अलग भएको उनको दाबी छ।

कांग्रेस–एमाले गठबन्धन भत्किएलगत्तै मधेशमा जसपा नेपालले सरकार गठनको गृहकार्यसमेत सुरु गरेको थियो। त्यसबेला एमालेले जसपा नेपाललाई सरकार बनाउन सहयोग गर्ने आश्वासन दिएको थियो। तर, जसपा नेपालभित्रै सरकार गठनबारे सहमति जुट्न सकेन।

जसपा नेपाल र लोसपा नेपालबीच एकता भए पनि पार्टी समायोजनको काम बाँकी थियो । निर्वाचन आयोगबाट पार्टी एकताको आधिकारिक पत्रसमेत प्रदेशमा नपुगेका कारण सरकार गठनको प्रक्रिया थप जटिल बनेको थियो । त्यसपछि एमालेले कांग्रेसलाई साथ दिने निर्णय गरेको हो।

यता, केन्द्रमा समेत मधेश प्रदेशको सरकारका विषयमा कांग्रेस र एमालेबीच छुट्टै समझदारी भएको स्रोतको दाबी छ ।

अन्य प्रदेशमा गठबन्धन परिवर्तन भए पनि मधेश प्रदेशमा भने वर्तमान सरकारलाई निरन्तरता दिने सहमति दुई दलबीच भएको बताइएको छ।

यही राजनीतिक समीकरणलाई ध्यानमा राखेर जसपा नेपालले समेत प्रदेशसभाको अर्को निर्वाचनसम्म सरकारमा सहभागी नहुने निर्णय गरेको देखिन्छ । उक्त निर्णय कायम रहे मधेश प्रदेशमा कांग्रेस, एमाले र नेकपाकै गठबन्धन सरकार निरन्तर रहने सम्भावना बलियो छ।

उता, लुम्बिनी प्रदेशमा एमाले नेतृत्वको सरकारमा जसपा नेपालका दुई जना मन्त्री सहभागी छन् । आफ्ना नेताहरूलाई सरकारमा सहभागी गराएको भन्दै जसपा नेपालले एमालेप्रति आपत्ति जनाउँदै ती मन्त्रीलाई सरकारबाट फिर्ता हुन पत्र पठाइसकेको छ । तर, हालसम्म उनीहरू सरकारबाट बाहिरिएका छैनन्।

# चिनी कारखानाको स्थलगत निरीक्षण

***वीरगंज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता अध्ययन गर्न गठित सरकारी कार्यदलले मंगलबार कारखाना परिसरको स्थलगत निरीक्षण गरेको छ। कार्यदलले भवन, संरचना, मेसिनरी तथा पार्टपुर्जाको अवस्थाबारे जानकारी लिँदै पुनः प्रयोग गर्न सकिने उपकरणको समेत अध्ययन गरेको हो।***



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता अध्ययन गर्न गठित सरकारी कार्यदलले आज कारखाना परिसरको स्थलगत निरीक्षण गरेको छ।

सरकारले भदौ १ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत वीरगंज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता अध्ययन गर्न कार्यदल गठन गरेको थियो।

कार्यदलले मंगलबार कारखाना परिसरमा पुगेर त्यहाँ रहेका भवन, संरचना, मेसिनरी तथा पार्टपुर्जाको अवस्थाबारे स्थलगत जानकारी लिएको हो।

पुराना संरचना तथा उपकरणमध्ये पुनः प्रयोग गर्न सकिने अवस्थाबारे समेत अध्ययन भइरहेको जनाइएको छ । मन्त्रिपरिषद्को निर्णयअनुसार खारेजीमा परेको कारखानाको वर्तमान अवस्था, विगतमा भएका निर्णय तथा यसअघि तयार भएका अध्ययन र प्रतिवेदनको समेत कार्यदलले समीक्षा गर्नेछ।

कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सिडिई श्रीकान्त यादव तथा सदस्यमा शाखा अधिकृत ज्योति पौडेल र मन्त्रालयका सल्लाहकार श्याम शर्मा रहेका छन् । मन्त्रालयले कार्यदललाई १५ दिनभित्र अध्ययन प्रतिवेदन पेस गर्न जिम्मेवारी दिएको छ । प्रतिवेदनका आधारमा वीरगंज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता, आवश्यक लगानी, संरचना तथा आगामी कार्ययोजनाबारे सरकारले निर्णय लिने अपेक्षा गरिएको छ।

# गरिमा चौधरी प्रकरण: प्रहरीकै कमजोरीमा छानबिन

**मधेशदृष्टि**
**बारा।**
सिमरामा तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि भएको हत्या घटना र त्यसमा प्रहरीबाट भएका कमजोरीबारे छानबिन गर्न समिति गठन भएको छ। मधेश प्रदेश प्रहरी कार्यालयका एसएसपी प्रभु ढकालको अध्यक्षतामा समिति गठन भएको हो । समितिमा काठमाडौँबाट समेत अनुसन्धानमा अनुभवी प्रहरी अधिकारी खटाइएको नेपाल प्रहरीका प्रवक्ता एवम् डिआइजी अबिनारायण काफ्लेले बताए।



जिल्ला प्रहरी परिसर काठमाडौंमा कार्यरत डिएसपी राजु अधिकारीलाई छानबिनमा खटाइएको छ। घटनामा प्रहरीको भूमिकामाथि सुरुदेखि नै प्रश्न उठ्दै आएको छ । बालिका बेपत्ता भएपछि खोजीमा चासो नदिएकोदेखि आरोपीको भिडियो सार्वजनिक गरेको विषयले प्रहरी विवादित बनेको छ।

यसैबीच, प्रतिनिधि सभाका सांसद सोमनाथ पोर्तेलले सिमराकी बालिका गरिमा हत्या प्रकरणमा गृहमन्त्री र प्रहारीबाट अमानवीय र असन्तुलित व्यवहार देखिएको आरोप लगाएका छन्। मंगलबार राष्ट्रियसभा बैठकमा नेकपा (एमाले) सांसद पोर्तेलले तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि गरिएको हत्यामा कानुन कार्यान्वयन गर्ने नेतृत्वबाटै अमानवीय कार्य भएको बताए । गरिमाको न्यायाका लागि बोल्नु र अपराधीलाई कडा कारबाहीको पक्षमा उभिनु सबैको ध्येय हुनुपर्ने उनले बताए।

तर, यो घटनामा इतिहासँमै नदेखिएको अमानवीय, असंवेदनशील, पाषाणकालीन देखिएको उनले बताए।

'एकातिर सिंहदरबारमा गृहमन्त्री भिडियो छायांकन गर्छन्, अर्कातिर प्रहरीको निर्देशनमा भिडियो छायांकन हुन्छ,' उनले भने। उनले दुवै घटनाको ध्येय र संवाद कुरुप र हृदायरविदारक रहेको बताए । गरिमाका आमाबुवालाई खुसी छौँ भन्न लगाउने र आरोपितलाई विजयोत्सव झैँ बयान दिन लगाउने कार्य भएको उनको टिप्पणी छ । पोर्तेलले भने, 'एकातिर बलात्कारपछि हत्या भएकी गरिमाका आमाबुवालाई हामी खुसी छौँ भन्न लगाइन्छ, अर्कातिर अपराधीलाई विजयोत्सवझैँ छाती फुलाएर बयान दिन लगाइन्छ।'

यस्तै, सिमराबाट ११ वर्षीया बालिका करिब तीन महिनादेखि बेपत्ता भएको खबर छ । जीतपुरसिमरा उपमहानगरपालिका–६ निवासी सनाया खातुन गत असार १७ गतेदेखि बेपत्ता भएकी हुन् । उनकी आमा गुलाप्सा खातुनले मंगलबार मध्यान्ह इलाका प्रहरी कार्यालय सिमरामा छोरी बेपत्ता भएको जानकारी गराएकी हुन् । इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक (डीएसपी) दयाकृष्ण भट्टका अनुसार बालिका असारको दोस्रो सातादेखि नै बेपत्ता भएको भन्दै प्रहरीमा निवेदन परेको थियो।

प्रहरीका अनुसार सनाया यसअघि पनि बेपत्ता भएकी थिइन् । त्यसबेला प्रहरीले खोजी गरी उनलाई परिवारको जिम्मा लगाएको थियो । यसपटक पनि बालिका लामो समयदेखि बेपत्ता रहेको जानकारी प्राप्त भएपछि प्रहरीले पुनः खोजी सुरु गरेको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ । प्रहरीले बालिकाको अवस्थाबारे जानकारी भए नजिकको प्रहरी कार्यालयमा खबर गर्न आग्रह गरेको छ।



सम्पादकीय

# निःशुल्क उपचारको भ्रममा लुकेको क्षयरोगको आर्थिक कहर !

क्षयरोगको औषधी निःशुल्क छ। खकार परीक्षण र छातीको एक्स–रे पनि सरकारले निःशुल्क गर्छ। कागजमा हेर्दा नेपालमा क्षयरोगको उपचार गरिब नागरिकको पहुँचमै छ। तर वास्तविकता कागजभन्दा निकै कठोर छ। औषधी निःशुल्क भएपनि क्षयरोगको उपचार गरिबका लागि महँगो छ। हालैको अध्ययनले यही तीतो सत्य उजागर गरेको छ। नेपालमा क्षयरोग प्रभावित ५१ प्रतिशत परिवारले रोगका कारण ठूलो आर्थिक भार बेहोर्नुपरेको छ। औषधी प्रतिरोधी क्षयरोग भएका परिवारमा यस्तो आर्थिक कठिनाइ करिब ७५ प्रतिशत पुगेको छ। अर्थात्, रोगसँग लड्दै गरेको परिवारले औषधिसँगै गरिबीसँग पनि युद्ध लडिरहेको छ। क्षयरोगको वास्तविक खर्च औषधिको मूल्यमा सीमित छैन। बिरामी अस्पताल पुग्न यातायात खर्च गर्छ, उपचारका क्रममा खाना र आवासको व्यवस्था गर्नुपर्छ, पोषणमा अतिरिक्त खर्च हुन्छ। कतिपय अवस्थामा सिटी स्क्यान, एमआरआई तथा अन्य प्रयोगशाला परीक्षण आवश्यक पर्छन्, जसको भार बिरामीकै काँधमा पर्छ। शरीरका अन्य अंगमा क्षयरोग देखिँदा उपचार झन् जटिल र खर्चिलो बन्छ।

अध्ययनले उपचारबाहेकका प्रत्यक्ष खर्चले कुल खर्चको ४४ प्रतिशत हिस्सा ओगट्ने देखाएको छ। त्यसभन्दा डरलाग्दो पक्ष आम्दानी गुम्नु हो। बिरामी वा हेरचाह गर्ने परिवारका सदस्य काममा जान नसक्दा हुने अप्रत्यक्ष खर्च कुल आर्थिक भारको ३९ प्रतिशत पुगेको छ। गरिब परिवारका लागि केही महिना काम छुट्नु भनेको चुलो निभ्नु हो। यसको परिणाम भयावह छ। क्षयरोगका कारण १३ प्रतिशत परिवार गरिबीको रेखामुनि धकेलिएका छन्। औषधी प्रतिरोधी क्षयरोग भएका परिवारमा यो दर ३१ प्रतिशत पुगेको छ।

उपचार खर्च जुटाउन ३५ प्रतिशत बिरामीले ऋण लिनुपरेको छ। केहीले त जग्गा, पशुधन र सुनका गहना बेच्नुपरेको छ। रोग निको पार्नुपर्ने अवस्थामा परिवारको भविष्य नै बेच्नुपर्ने बाध्यता कुनै पनि राज्यका लागि गम्भीर प्रश्न हो। नेपालमा क्षयरोगको अवस्था आफैंमा चिन्ताजनक छ। विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार सन् २०२४ मा करिब ६७ हजार जनामा क्षयरोग संक्रमण भएको थियो भने करिब १६ हजारको मृत्यु भएको थियो। तर अनुमानित संक्रमितमध्ये ३८ हजार ६ सय ६ जना मात्रै पहिचान भएर उपचारमा आएका छन्। बाँकी संक्रमित कहाँ छन् ? यही प्रश्न क्षयरोग नियन्त्रणको सबैभन्दा ठूलो चुनौती हो।

विशेषगरी मधेशमा समस्या अझ गम्भीर हुन सक्छ। उपचारका लागि टाढा जानुपर्ने बाध्यता, कमजोर स्वास्थ्य पूर्वाधार, अतिरिक्त परीक्षणका लागि अन्य सहर धाउनुपर्ने अवस्था र दैनिक आम्दानीमै निर्भर परिवारका कारण क्षयरोगले स्वास्थ्यसँगै अर्थतन्त्रमा पनि प्रहार गरिरहेको छ। नेपालले सन् २०३५ सम्म क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ। तर निःशुल्क औषधी बाँडेर मात्रै क्षयरोग अन्त्य हुँदैन। बिरामी अस्पताल पुग्ने बाटो, पेट भर्ने खाना, आवश्यक परीक्षण, उपचार अवधिको पोषण र काम गुमाउँदाको आम्दानी यी सबै उपचारकै हिस्सा हुन्। अब सरकारले 'निःशुल्क उपचार'को परिभाषा पुनःनिर्धारण गर्नुपर्छ। क्षयरोग प्रभावित परिवारलाई यातायात, पोषण, आवास, अतिरिक्त परीक्षण र आम्दानी गुमाइको क्षतिपूर्तिसहितको सामाजिक सुरक्षा दिनुपर्छ। अन्यथा औषधी निःशुल्क दिएर राज्यले एउटा हातले उपचार गर्ने र अर्को हातले परिवारलाई ऋण, गरिबी र सम्पत्ति बिक्रीतर्फ धकेल्ने विरोधाभास अन्त्य हुँदैन। क्षयरोग केवल फोक्सोको रोग होइन, यो गरिब परिवारको आर्थिक जीवनमाथि पनि आक्रमण हो। त्यसैले क्षयरोगविरुद्धको लडाइँ अस्पतालमा मात्र होइन, परिवारको भान्सादेखि रोजगारी र सामाजिक सुरक्षासम्म पुग्नुपर्छ।

## कोरियाबाट फर्केका नेम्बाङ कृषि व्यवसायमा

रामकुमार लिम्बू



**इलाम।**
धेरैजसो युवाहरु वैदेशिक रोजगारका लागि परदेश जान्छन्। आफ्नो जवान, उमेर र जाँगर पैसासँग साटेर फर्कन्छन्। स्वदेश फर्केपछि सुविधा सम्पन्न सहरमा बसाइँ सर्छन्। गाउँमा रहेका जग्गा जमिन समेत बाँझै छाडेर सहर केन्द्रित हुन्छन्। सहरमा घडेरी किन्छन्, घर बनाउँछन् र बस्छन्। मोजमस्तीको बहानामा विदेशमा कमाएका पैसा अनुत्पादनक क्षेत्रमा नै खर्चिन्छन् तर इलामको चुलाचुली गाउँपालिका–१ चौबिसेका सन्देश नेम्बाङ त्यस्ता युवा छन्, जसले विदेशमा कमाएको पैसा उत्पादनमूलक क्षेत्रमा नै लगानी गरेका छन्। पाँच वर्ष दक्षिण कोरियामा बसेर कमाएको पैसाले गाउँमा कृषि तथा पशुपालन व्यवसायमा लागेका छन्। २०७६ सालमा 'साम्बाङ एग्रो फार्म' दर्ता गरी कृषि तथा पशुपालन व्यवसाय सुरु गरेका हुन्। आफ्नै गाउँमा १७ बिघा जग्गामा कृषि तथा पशुपालन व्यवसाय गर्दै आएको उनले बताए। कोरियामा देखेको कृषि प्रविधिको सीपलाई उपयोग गर्दै आफ्नै दुई बिघा जमिन र १५ बिघा जमिन भाडामा लिएर कृषि तथा पशुपालन व्यवसाय गरिरहेको उनले सुनाए।

व्यवसायबाट उनले वार्षिक रु ७० लाख आम्दानी गर्दै आएका छन्। 'मैले आठ वर्षदेखि कृषि र पशुपालन व्यवसाय संयुक्त रुपमा गर्दै आएको छु। दुवै व्यवसायबाट वार्षिक रु ७० लाखसम्म आम्दानी गर्दै आएको छु,' उनले भने, 'हामी धेरै स्वदेशको महत्व नबुझेर पनि विदेश गइरहेका छौँ। विदेशमा गर्ने दुःख आफ्नै माटोमा गर्न सक्ने हो भने कृषि र पशुपालन व्यवसायबाट राम्रो आम्दानी लिन सकिने रहेछ।' उनको फार्ममा अहिले पशुपालनतर्फ १७ वटा माउ भैँसी र सात वटा माउ गाई छ। यसमध्ये ११ माउ लैना भैँसी र चार वटा लैना गाई रहेको छ। चार माउ भैँसी र तीन माउ गाई ब्याउने रहेको उनले बताए। उनले दैनिक १२० देखि १२० लिटरसम्म दूध बेच्दै आएका छन्। उनले उत्पादन गरेको दूध स्थानीय अन्नपूर्ण कृषि सहकारी संस्था र नेपाल बहुउद्देशीय सहकारी संस्थामा बिक्री हुने गर्दछ। दूधको मूल्य भने फ्याटका आधारमा फरकफरक छ। गाईको दूध प्रतिलिटर रु ६५ र भैँसीको दूध प्रतिलिटर रु ९० सम्म बिक्री गर्दै आएको उनले बताए। 'उत्पादित दूध सहरकीले फ्याटका आधारमा खरिद गर्ने गरेको छ। गाईको दूधमा फ्याट कम हुने भएकाले प्रतिलिटर रु ६५ मा र भैँसीको दूधमा फ्याट बढी हुने भएकाले प्रतिलिटर रु ९० मा बिक्री हुँदै आएको छ,' उनले भने, 'लगानीअनुसार दूधको मूल्य चाँही अलि बढाउन पाए राम्रो हुनेथियो।'

त्यस्तै उनले मासु उत्पादनका लागि समेत तयारी थाल्नुभएको छ। उनले मासु उत्पादनका लागि राँगापालन सुरु गरेको छ। उनको फार्ममा एक दर्जन ससाना राँगासमेत छन्। पशुपालनका लागि उनले पाँच बिघा जनिनमा सुपर नेपिरयर जातको आधुनिक घाँससमेत लगाएका छन्। गाईभैँसी पालनबाट उत्पादित गोबर मल कृषि व्यवसायमा नै प्रयोग हुने भएकाले दोहोरो फाइदासमेत हुँदै आएको उनको भनाइ छ। कृषितर्फ उनले तरकारी १० बिघामा तरकारीखेती लगाएका छन्। उनले गोलभेँडा, तितेकरेला, सिमी, बोडी, घिरौँला, काँक्रा, बैगुन, खुर्सानीलगायतको तरकारी बाली लगाएका छन्। उनले उत्पादन गरेको तरकारी भने झापाको दमकमा खपत हुँदै आएको छ। व्यापारीहरुले फार्मबाट नै खरिद गरेर लैजाने गरेका छन्। कृषि तथा पशुपालनबाट उनले मनग्य आम्दानी गर्दै आएका हुन्। कोरियामा कमाएको पैसा गाउँमा नै कृषि तथा पशुपालन क्षेत्रमा लगानी गरेर आफू उनले मात्र स्वरोजगार बन्नुभएको छैन, पाँच युवालाई समेत रोजगारी दिएका छन्। उनीहरुलाई खान र बस्न सुविधानसहित मासिक रु २० हजारका दरले तलब दिने गरेको उनले सुनाए। 'कृषि र पशुपालन व्यवसायमा म आफैँ खट्ने गर्दछु, मेरो काममा श्रीमतीले पनि सहयोग गर्दै आएका छन्,' उनले भने, 'दैनिक ज्यालादारीमा समेत कामदार लगाउने गरेको छु।'

उनको फार्ममा मासिक रु सात लाखको कारोबार हुँदै आएको नेम्बाङले बताए। विदेशबाट कमाएको पैसा गाउँमा नै लगानी गरेर भए पनि स्वरोजगार बन्न सकिन्छ भन्ने सन्देश दिन गाउँमा नै कृषि र पशुपालन व्यवसाय सञ्चान गरेको नेम्बाङको भनाइ छ। 'सहरमा बस्नकै लागि भए पनि पुग्ने जति त कोरियामा बसेर कमाएकै थिएँ। मलाई बसीबसी खान पुग्थ्यो,' नेम्बाङले भने, 'तर विदेशबाट कमाएको पैसा गाउँमा लगानी गरेर पनि स्वरोजगार बन्न सकिन्छ भन्ने उदाहरण दिन गाउँमा नै व्यवसाय सञ्चालन गरेको हुँ।' उनी नेपालबाट इपिएस प्रणालीअन्तर्गत २०७० सालमा दक्षिण कोरिया गएर २०७५ सालमा स्वदेश फर्केका थिए। स्वदेश फर्केपछि २०७६ देखि व्यावसायिक रुपमा कृषि र पशुपालन सुरु गरेको थियो। सुरुमा रु २५ लाखको लगानीमा थाल्नुभएको उनको व्यवसाय अहिले करोडौँको पुगेको छ। उनले आफ्नै ठाउँमा व्यावसायिक बनेर कृषि कर्म गर्नसकेमा स्वदेशमा नै विदेशको भन्दा राम्रो कमाइ गर्न सकिने बताए।

### व्यवसाय प्रवर्द्धनमा सरकारको सहयोग

उनको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनका लागि सङ्घीय सरकार र प्रदेश सरकारको समेत सहयोग छ। उनलाई आर्थिक वर्ष २०७७/७८ मा कृषि ज्ञान केन्द्र इलामले तरकारीखेती प्रवद्र्धन कार्यक्रमअन्तर्गत टनेल व्यवस्थानका लागि ५० प्रतिशत साझेदारीमा रु चार लाख उपलब्ध गराएको थियो। त्यस्तै आर्थिक वर्ष २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट तरकारी पकेट कार्यक्रमअन्तर्गत ५० प्रतिशत साझेदारीमा रु आठ लाख उपलब्ध भएको थियो। दुवै अनुदानबाट व्यवसाय प्रवद्र्धनमा सहयोग पुगेको उनले बताए। त्यसयता भने कुनै निकायबाट सहयोग प्राप्त नभएको उनको गुनासो छ। 'सुरुमा कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री आधुनिकीकरण परियोजनाबाट राम्रै सहयोग पाएको थिएँ। त्यसबाट व्यावासाय प्रवर्द्धनमा राम्रो मद्दत मिल्यो,' उनले भने, 'तर त्यसयता कुनै निकायबाट केही सहयोग छैन। उद्यममा लागेका युवाहरुलाई राज्यले प्रोत्साहन गर्नुपर्छ।' राज्यका सबै तहको सहयोगका कार्यक्रम वास्तविक किसानसम्म पुग्न आवश्यक रहेको उनको भनाइ छ। 'स्वदेशमा व्यवसाय गर्छु भन्ने युवालाई व्यावसायिक योजनाको आधारमा राज्यले सहयोग गर्न आवश्यक छ,' उनले भने, 'पहुँचका भरमा राज्यका कार्यक्रम सञ्चालन हुने प्रथाले किसान मारमा परेको अवस्था पनि छ, यसमा सम्बन्धित पक्षले ध्यान दिन जरुरी छ।'

### बजार सहज, मूल्य अस्थिरता समस्या

कृषि तथा पशुपालन व्यवसायका लागि बजारको कुनै समस्या नरहेको तर मूल्य अस्थिरता मुख्य समस्या रहेको उनी बताउँछन्। उत्पादन गरिएको वस्तु बिक्रीका लागि व्यापारीहरु फार्ममा नै आउन सक्ने भएकाले बजारको समस्या नरहेको र मूल्य स्थिर नहुने कारणले किसानहरु समस्यामा पर्ने गरेको उनको भनाइ छ। 'हामीले उत्पादन गरेको पशु तथा कृषिजन्य उत्पादन बिक्रीका लागि कुनै समस्या छैन। व्यापारीहरु फार्ममा नै आएर खरिद गरेर लैजान्छन्,' उनले भने, 'तर कहिलेकाहीँ मुख्य उत्पादनमा समेत मूल्यमा गिरावट आउने भएकाले घाटा ब्यहोर्नुपरेको छ।' यसको कारण भारतबाट भित्रिने उत्पादन नै रहेको उनको भनाइ छ। भारतबाट नेपाल भित्रिने कृषि तथा पशुजन्य उत्पादनमा रोक लगाउने हो भने यहाँका किसानले राम्रो मूल्य पाउने उनको भनाइ छ। 'भारतबाट सस्तोमा कृषि तथा पशुजन्य उत्पादन भित्रिने गरेकाले हाम्रो उत्पादनले उचित मूल्य पाउँदैन,' उनले भने, 'एक दिनमात्र भारतबाट आउने उत्पादन रोक्ने हो भने यहाँको उत्पादनले राम्रो मूल्य पाउँछ। यसका लागि सरकारले नीतिगत रुपमा सुधार गर्नुपर्ने आवश्यकता छ।' साथै, पछिल्लो समय युवाहरु विदेश पलायन भइरहेकाले त्यसलाई रोक्ने र स्वदेशमा नै व्यासाय गर्ने नीति राज्यले निर्माण गर्नुपर्नेमा उनको जोड छ।

चुलाचुली गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङले कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिकाले नीति तथा कार्यक्रम र बजेट ल्याएको बताए। उनले आउँदो वर्ष पनि व्यावसायिक कृषि कर्ममा लागेका युवाहरुलाई प्रोत्साहन गर्न कृषि विकास शाखामार्फत साझेदारीमा कृषिसँग सम्बन्धित मेसिनरी औजार वितरण, पशु प्रवद्र्धन पकेट कार्यक्रम, तरकारी पकेट कार्यक्रम, सामग्री वितरण, बिउबिजन वितरणलगायतका अनुदानका कार्यक्रम सञ्चालन गरिने बताए। 'हामीले विगतदेखि नै कृषि क्षेत्रलाई नै प्राथमिकता राखेर काम गदै आएका छौँ,' अध्यक्ष केरुङले भने, 'आगामी वर्ष पनि किसानलाई प्रोत्साहन गर्ने विभिन्न कार्यक्रम सञ्चालन गर्नेछौँ। व्यावसायिक कृषकलाई पहिलो प्राथमिकतामा राख्नेछौँ।' रासस

## ब्रिटिस गोर्खा सैनिकदेखि समाजसेवीसम्म चोङ्बाङको यात्रा

वासुदेव पौडेल/वसन्त भण्डारी



**सङ्गीता राई**
**सुनसरी।**
आमा नरमाया हुक्पा चोङ्बाङ (कुरुम्बाङ) र बुबा पासाहाङ हुक्पा चोङ्बाङका काइँला छोरा छन् मोहन हुक्पा चोङ्बाङ। उनका बुबा ब्रिटिस गोर्खामा भर्ती भएपछि परिवार मलेसियामा बसेको थियो। त्यही क्रममा चोङ्बाङको जन्म २०१२ सालमा मलेसियाको कुलाङमा भएको थियो। जन्मिएको १८ महिनापछि तेह्रथुम घरमा नेपाल ल्याएका उनको बाल्यकाल गाउँमै बित्यो। त्यहीँ कक्षा ५ सम्मको अध्ययन पूरा गरे। बाल्यकालदेखि नै बुबाको लाहुरे जीवनबाट प्रभावित चोङ्बाङलाई गोर्खा सैनिक बन्ने प्रेरणा पनि घरबाटै मिल्यो। 'सानो हुँदै बाबाले दौडाउने, शारीरिक अभ्यास गराउँथे। बाबा लाहुरे भएकै कारण उनकै प्रेरणाबाट म पनि लाहुरे बन्न सफल भएँ,' चोङ्बाङले विगत सम्झँदै भने। विद्यालयमा अध्ययन गर्दागर्दै उनका दाजुहरू पनि ब्रिटिस लाहुरे लागे। जेठा दाजु भारतीय गोर्खामा भर्ती भए भने दुई दाइ र भाइहरू पनि ब्रिटिस गोर्खामा भर्ती भए। कान्छा भाइ भने अहिले हङकङमा छन्। आधुनिक सहरका रूपमा परिचित धरान कुनै समय घना जङ्गलले ढाकिएको क्षेत्र थियो। जङ्गल फँडानीका क्रममा काठ चिर्ने आरावालाहरूले तयार गरेको धरान (धराप) बाट यसको नाम रहन गएको बताइन्छ। आरावालाहरूको मेहनतले खारिएको धरान कालान्तरमा 'लाहुरेको सहर'का रूपमा समेत परिचित भयो। समय क्रममा धरान 'लाहुरेको सहर'का रूपमा मात्र नभई बुढासुब्बा, पिण्डेश्वरलगायत धार्मिक तथा पर्यटकीयस्थलका कारण पनि परिचित बन्यो।

विसं २०१० मा धरानमा ब्रिटिस गोर्खा भर्ती केन्द्र स्थापना भएपछि पूर्वी नेपालका युवाहरू भर्ती हुन सयौँको संख्यामा आउन थाले। त्यतिबेला धरानस्थित घोपा क्याम्पभित्र ब्रिटिस गोर्खाको भर्ती केन्द्र रहेको थियो। लाहुरे बन्ने चाहना बोकेर चोङ्बाङ पनि २०२९ साउनमा खुलेको स्थानीय भर्तीमा सहभागी हुन तेह्रथुमबाट धरान झरे। 'पाँच सयमध्ये मलगायत नौ जना छनोटमा परेका थियौँ। त्यतिबेला लाहुरे लाग्न पढाई पाँच कक्षा पास गरे पुग्थ्यो।

बाँकी दौडाइ, उचाइ र तौल मात्र लिइन्थ्यो,' उनले भने। भर्तीमा छनोट भएपछि उनलाई काठमाडौँबाट कलकत्ता हुँदै हङकङ पुर्‍याइयो। हङकङमा नौ महिनाको तालिमपछि उनी त्यहाँको ७ गोर्खा राइफल्स (सेभेन ७ जीआर) को युनिटमा परे। सुरुमा 'बी कम्पनी'मा दुई वर्ष सेवा गरेपछि उनी 'सपोर्ट कम्पनी'मा खटिए। त्यहाँ १२ वर्ष सेवा गरेपछि पुनः दुई वर्ष 'ए कम्पनी'मा पठाइयो। ब्रिटिस गोर्खामा सेवा गर्ने क्रममा उनले युद्धको कठिन अनुभव समेत सामना गरे। विसं २०३९ मा फकल्यान्ड टापुमा भएको युद्धमा करिब दुई महिनासम्म सहभागी भई सकुशल फर्किएको चोङ्बाङले बताए। युद्धपछि उनी बेलायतमा तीन वर्ष बसेपछि सेवानिवृत्त भई नेपाल फर्किए। ब्रिटिस गोर्खाको सेवाबाट फर्किए पनि उनको फौजी तथा सुरक्षा सेवासँगको सम्बन्ध भने टुटेन। २०४५ सालमा उनी पुनः ब्रुनाइ जीआरयूमा सुरक्षा सेवाका लागि गए। त्यहाँ १२ वर्ष सुरक्षा सेवामा काम गरेपछि उनी २०५६ सालमा नेपाल फर्किए।

नेपाल फर्किएपछि पनि उनी लाहुरे भर्ती प्रक्रियासँग जोडिएको काममा सक्रिय रहे। २०५६ सालदेखि २०६७ सालसम्म धरानमा 'गल्ला एसआरए' का रूपमा काम गरे। त्यस क्रममा लाहुरे बन्न चाहने युवालाई भर्ती प्रक्रियाका लागि छनोट गर्ने काममा उनले १२ वर्ष बिताए। तालिम, विभिन्न कम्पनीमा सेवा, फकल्यान्डको युद्धभूमिको अनुभव, बेलायत बसाइ, ब्रुनाइको सुरक्षा सेवा र नेपाल फर्किएर लाहुरे भर्ती छनोटको कामसम्म आइपुग्दा उनले आफ्नो जीवनका करिब ४० वर्ष लाहुरे तथा फौजी सेवामै बिताए।

### समाज सेवाको यात्रा

तेह्रथुमबाट बोकेको लाहुरे बन्ने सपना चार दशकपछि एउटा लामो जीवनयात्रामा परिणत भयो। विदेशमा सिकेका ज्ञान, सीप र अनुभवलाई आफ्नै समाज र देशका लागि प्रयोग गर्ने सोचका साथ उनी २०६८ सालदेखि समाजसेवामा लागे। मोहन हुक्पा चोङ्बाङ अहिले धेरैका लागि आफ्नो नामभन्दा पनि 'मोहन मामा'का रूपमा परिचित छन्। बुढापाका हुन् वा बालबालिका, उनलाई धेरैले (मोहन मामा) भनेर चिन्ने गर्छन्। 'विदेशमा सिकेका कुरालाई नेपालमा पनि प्रयोग गरेर त्यहाँ भएका उन्नति प्रगतिका कुरा नेपालमा पनि लागू गरी देशका लागि केही योगदान गर्न मन लाग्यो अनि समाज सेवा सुरु गरे,' उनले भने। विदेशका धेरै देश घुम्ने क्रममा उनलाई नेपालको जस्तो प्राकृतिक विविधता र मौसमी विशेषता अन्यत्र कतै लागेन। 'धेरै देश घुमियो, तर नेपालको जस्तो सिजनल मौसम खासै देखिएन। आफ्नो समाज र देशका लागि केही गर्नुपर्छ भन्ने लाग्यो,' अनि समाजसेवाको बाटो रोजेँ, उनले भने।

समाजसेवामा लागेपछि सबैभन्दा पहिले उनले किरात याक्थुङ चुम्लुङको जिल्ला अध्यक्षका रूपमा जिम्मेवारी सम्हाले। चुम्लुङको पूर्वाधार विकासमा समेत उनको योगदान महत्त्वपूर्ण रहेको छ। समाजसेवाकै क्रममा २०७५ सालमा तेह्रथुममा फुटबल मैदान समेत निर्माण गरिदिएको उनले बताए। मोरङको बेलबारीमा उनले उपलब्ध गराउनुभएको दुई कट्ठा जग्गामा अहिले पाँच कोठाको बल्वाई आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिएको छ। यहाँ दैनिक रुपमा स्थानीयले स्वास्थ्य सेवा पाउनुका साथै रोजगारीको अवसर समेत पाएको केन्द्रका जनस्वास्थ्य निरीक्षक विशाल धिताल बताउँछन्। मोरङकै बल्वाईमा पूजापाठ गर्नका लागि उनले आफ्नी स्वर्गीय आमाबुबाको नाममा एक कट्ठा जग्गा उपलब्ध प्रदान गरेका छन्। त्यसैगरी धरान–४ मा निर्माण गरिएको पर्यटकीय स्थल ढुङ्गेकला पार्कमा रु १० लाखभन्दा बढीको लागतमा चौतारा निर्माण गरिदिनुभएको छ भने श्रीजङ्गाको सालिक निर्माणमा करिब रु एक लाख ४० हजार सहयोग गरेको छ।

धरान–२० स्थित सुलिकोट पदमार्गमा 'सिलाम साक्मा पदमार्ग' निर्माणका लागिसमेत उनले सहयोग गरेको छ। उक्त पदमार्ग करिब रु.३७ लाख भन्दा बढीको लागतमा पदमार्ग निर्माण गरिएको छ। यस ठाउँमा अहिले दैनिक रुपमा दुई सय बढी पर्यटक घुम्नका लागि पुग्ने गरेका छन्। आफ्नो जन्मदिनको अवसरमा गरिब तथा निमुखा परिवार र विभिन्न सङ्घसंस्थालाई सहयोग गर्ने उनको आदत नै बनेको छ। कोरोना महामारीका समयमा विपन्न परिवारलाई उनले खाद्यान्न सहयोग गरेको थियो। त्यस्तै, संखुवासभा र इलाममा रहेका चुम्लुङ हिम निर्माणमा समेत उनले सहयोग गरेको छ। तीन छोरा र एक छोरीका बुबा उहाँ श्रीमती र एक नातिसँगै धरानमा बस्दै आएका छन्। उहाँका तीनै छोरा र छोरी बेलायतको लण्डनमा छन्। उमेर बढ्दै गए पनि समाजका लागि केही गरौँ भन्ने उनको इच्छाशक्ति र सेवाभाव भने अझै उस्तै छ। रासस

# बजाजका दुई नयाँ विद्युतीय स्कुटर सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
बजाज अटोले चेतक विद्युतीय स्कुटरका दुई नयाँ मोडल सी२५०१ र सी३५०३ जनकपुरधाममा सार्वजनिक गरेको छ।

जनकपुरधामको विश्वकर्मा चोकस्थित ओम अटोमोबाइल्समा मंगलबार आयोजित कार्यक्रममा दुवै मोडल सार्वजनिक गरिएको हो।

कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले विद्युतीय सवारीको प्रयोगले वातावरण संरक्षणसँगै ऊर्जा खपतको ढाँचामा समेत सकारात्मक परिवर्तन ल्याउन सक्ने बताए । उनले जनकपुरधामजस्तो तीव्र रूपमा विस्तार भइरहेको सहरमा किफायती र वातावरणमैत्री सवारीको आवश्यकता बढ्दै गएको बताए।

ओम अटोमोबाइल्सका सञ्चालक सन्तोष साहले उपभोक्ताको आवश्यकता र बदलिँदो जीवनशैलीलाई ध्यानमा राखेर नयाँ मोडल बजारमा ल्याइएको बताए । चेतक सी२५०१ मा २ दशमलव ५ किलोवाट घण्टा क्षमताको ब्याट्री रहेको छ।

यसले एकपटक पूर्ण चार्जमा ११३ किलोमिटरसम्म दूरी तय गर्ने र अधिकतम ६० किलोमिटर प्रतिघण्टाको गति दिने कम्पनीले जनाएको छ । यसको मूल्य २ लाख ८१ हजार ९ सय रुपैयाँ तोकिएको छ।

त्यस्तै, सी३५०३ मा ३ दशमलव ५ किलोवाट घण्टा क्षमताको ब्याट्री रहेको छ । यसले एकपटकको चार्जमा १५१ किलोमिटरसम्म दूरी तय गर्ने र अधिकतम ७० किलोमिटर प्रतिघण्टाको गति दिने कम्पनीको भनाइ छ।

# झरीमाई कन्स्ट्रक्सनको सेवा सुरु




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका–१५ बाट J H A R I M A I CONSTRUCTION ले आजदेखि औपचारिक रूपमा आफ्नो निर्माण सेवा सञ्चालनमा ल्याएको छ। गुणस्तरीय निर्माण, इमान्दार सेवा तथा निर्धारित समयमै काम सम्पन्न गर्ने प्रतिबद्धतासहित कम्पनीले आफ्नो सेवा विस्तार गरेको हो।

आधुनिक प्रविधि, गुणस्तरीय निर्माण सामग्री र दक्ष जनशक्तिको प्रयोगमार्फत ग्राहकको आवश्यकता र चाहनाअनुसार भरपर्दो निर्माण सेवा उपलब्ध गराउने उद्देश्य कम्पनीले लिएको जनाएको छ।

घर निर्माणदेखि व्यावसायिक संरचना निर्माण तथा पुराना संरचनाको मर्मतसम्भार र पुनर्निर्माणसम्मका विभिन्न सेवाहरू J H A R I M A I CONSTRUCTION मार्फत उपलब्ध हुनेछन्।कम्पनीका अनुसार घर तथा भवन निर्माण, कमर्शियल स्ट्रक्चर निर्माण, रेनोभेसन (पुनर्निर्माण तथा मर्मतसम्भार) लगायतका कामलाई व्यवस्थित, सुरक्षित र गुणस्तरीय ढंगले सम्पन्न गरिनेछ। ग्राहकको आवश्यकता, बजेट र डिजाइनलाई प्राथमिकतामा राख्दै निर्माण कार्य अघि बढाइने कम्पनीको भनाइ छ।‘निर्माण केवल संरचना बनाउने काम मात्र नभई ग्राहकको सपना र विश्वाससँग जोडिएको विषय हो’ भन्ने मान्यताका साथ अघि बढेको J H A R I M A I CONSTRUCTION ले प्रत्येक परियोजनामा गुणस्तर र पारदर्शितालाई विशेष प्राथमिकता दिने जनाएको छ।समयमै काम सम्पन्न गर्ने, ग्राहकसँग निरन्तर समन्वय गर्ने तथा निर्माणको गुणस्तरमा कुनै सम्झौता नगर्ने कम्पनीको प्रतिबद्धता छ।

निर्माणसम्बन्धी योजना बनाइरहेका व्यक्ति, परिवार, व्यवसायी तथा संस्थाहरूलाई आवश्यक परामर्शसहित सेवा उपलब्ध गराउने उद्देश्य पनि कम्पनीले राखेको छ।वीरगञ्जमा निर्माण क्षेत्र विस्तार भइरहेका बेला स्थानीय स्तरमै व्यावसायिक र भरपर्दो निर्माण सेवा उपलब्ध गराउने लक्ष्यसहित J H A R I M A I CONSTRUCTION सञ्चालनमा आएको हो। घर निर्माण गर्ने योजना बनाइरहेका ग्राहकदेखि व्यावसायिक भवन तथा अन्य संरचना निर्माण गर्न चाहने व्यक्ति तथा संस्थासम्मलाई कम्पनीले आफ्ना सेवाहरू उपलब्ध गराउने जनाएको छ।

कम्पनीले आफ्नो नयाँ यात्रामा स्थानीयवासी, व्यवसायी तथा सम्पूर्ण ग्राहकबाट साथ, सहयोग र विश्वासको अपेक्षा गरेको छ।

ग्राहकको सपना, आवश्यकता र योजनालाई व्यवहारिक तथा आकर्षक संरचनामा रूपान्तरण गर्न आफूहरू प्रतिबद्ध रहेको J H A R I M A I CONSTRUCTION ले जनाएको छ।तपाईं घर, भवन, कमर्शियल स्ट्रक्चर निर्माण वा रेनोभेसनको योजना बनाउँदै हुनुहुन्छ भने आफ्नो सपनाको निर्माणको जिम्मा J H A R I M A I CONSTRUCTION लाई दिन सक्नुहुन्छ।

# लिटल बडी प्रिस्कुलः सम्पूर्ण विद्यार्थीको दुर्घटना बीमा



**मधेशदृष्टि**
**वीरगंज।**
लिटल बडी प्रिस्कुलले आफ्ना सम्पूर्ण विद्यार्थीहरूको सुरक्षा तथा कल्याणलाई ध्यानमा राख्दै नेको इन्स्योरेन्स लिमिटेडसँग सहकार्य गरी २४सै घण्टा लागू हुने दुर्घटना बीमा गराएको छ । बीमा योजनाअन्तर्गत विद्यार्थीहरूले रु. १ लाखसम्मको दुर्घटना बीमा सुविधा प्राप्त गर्नेछन् । उक्त बीमा सुविधा विद्यालयमा अध्ययनरत समयमा मात्र नभई घर वा अन्य कुनै स्थानमा रहेका बेला समेत २४सै घण्टा लागू हुने जनाइएको छ । बीमा दाबी तथा सुविधा सम्बन्धित कम्पनीका नियम तथा सर्तअनुसार हुनेछ।

बीमा योजनासम्बन्धी पोलिसी २४ अगस्ट २०२६ मा लिटल बडी प्रिस्कुलका निर्देशक÷प्रिन्सिपल श्री विजय कुमार बल र नेको इन्स्योरेन्स लिमिटेडका जुनियर असिस्टेन्ट नितेश श्रेष्ठबीच औपचारिक रूपमा आदान–प्रदान गरिएको हो । विद्यालयले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै उनीहरूको सुरक्षा, संरक्षण र समग्र कल्याणलाई प्राथमिकता दिँदै आएको जनाएको छ । विद्यार्थीहरूको आकस्मिक जोखिमका समयमा अभिभावकलाई आर्थिक तथा मानसिक रूपमा केही राहत पुगोस् भन्ने उद्देश्यले दुर्घटना बीमाको व्यवस्था गरिएको विद्यालयले जनाएको छ।

विद्यालय प्रशासनका अनुसार बालबालिकाको सुरक्षित वातावरणमा सिकाइ तथा विकास सुनिश्चित गर्नु विद्यालयको प्रमुख जिम्मेवारी भएकाले यस्ता सुरक्षामूलक पहललाई आगामी दिनमा समेत निरन्तरता दिइनेछ । लिटल बडी प्रिस्कुलको यो पहलले विद्यार्थीको सुरक्षा र अभिभावकको विश्वासलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

# सहायक हवल्दार यादव साउन महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित



**मधेशदृष्टि**
**सर्लाही।**
जिल्ला प्रहरी कार्यालय सर्लाहीमा कार्यरत प्रहरी सहायक हवल्दार राजेश कुमार यादव २०८३ साउन महिनाको ‘सर्वोत्कृष्ट प्रदेश प्रहरी’ घोषित भएका छन्।

मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले ‘महिनाको उत्कृष्ट प्रहरी छनोट कार्यविधि–२०८३’ अनुसार यादवलाई साउन महिनाको ‘बेस्ट प्रोभिन्स पुलिस अफ द मन्थ’ घोषणा गरेका हुन् । साउन महिनामा उत्कृष्ट कार्यसम्पादन गरेको मूल्यांकनका आधारमा यादवलाई उक्त सम्मान प्रदान गरिएको जनाइएको छ।

प्रदेश प्रहरी प्रमुख अधिकारीले जनकपुरमा आयोजित कार्यक्रममा यादवलाई प्रशंसापत्रसहित पुरस्कार प्रदान गरेका छन् । सम्मान प्रदान गर्दै अधिकारीले प्रहरी कर्मचारीलाई आफ्नो जिम्मेवारीप्रति थप उत्तरदायी र सेवामा समर्पित बनाउन उत्कृष्ट प्रहरी छनोट कार्यक्रमले प्रोत्साहन पुग्ने बताए। सर्वोत्कृष्ट प्रदेश प्रहरी घोषित यादवलाई मधेश प्रदेश प्रहरी कार्यालयले बधाई तथा शुभकामना व्यक्त गरेको छ।

# दुई हजार ६७० कर्मचारीको दरबन्दी कटौती



**मधेशदृटि**
**काठमाडौँ।**
सरकारले संघीय सरकारी निकायमा रहेको कर्मचारीको दरबन्दी पुनरावलोकन गर्दै २ हजार ६ सय ७० पद कटौती गरेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) मार्फत विभिन्न मन्त्रालय तथा निकायको संरचना पुनरावलोकन गर्दा ११ सचिव, ७२ सहसचिवसहित २ हजार ६ सय ७० दरबन्दी घटाइएको हो।

परराष्ट्र मन्त्रालयबाहेक अन्य मन्त्रालयको ओएनएम प्रक्रिया टुंगिएको छ । यसअघि संघीय संरचनामा २२ हजार २ सय ४६ दरबन्दी रहेकामा २ हजार ५ सय ७७ पद कटौती गरी १९ हजार ६ सय ६९ कायम गरिएको छ । सबैभन्दा ठूलो कटौती कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत भएको छ, जहाँ १ हजार ५ सय ६२ दरबन्दी घटाइएको छ।

दरबन्दी पुनर्संरचनाका क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका दुई सचिवको पद कटौती भएको छ । त्यस्तै अर्थ मन्त्रालयको राजस्व सचिव, साविक युवा तथा खेलकुद मन्त्रालय, साविक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयको जनसंख्या र प्रशासनतर्फका एक–एक सचिव पद हटाइएको छ।

त्यसैगरी साविक खानेपानी, सहरी विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र शिक्षा मन्त्रालयका प्राविधिकतर्फका एक–एक सचिव पद पनि कटौतीमा परेका छन् । नेपाल ट्रस्टको कार्यालयमा समेत सचिवको छुट्टै दरबन्दी आवश्यक नरहेको निष्कर्ष निकालिएको छ।

# खोला किनारमा महिलाको शव फेला

**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको गोलबजार नगरपालिका–३ स्थित गागन खोला किनारमा करिब ५० वर्षीया महिलाको शव फेला परेको छ । मंगलबार स्थानीयवासीले भैँसी चराउने क्रममा खोलाको किनारमा घोप्टो परेको अवस्थामा महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

चना पाएलगत्तै इलाका प्रहरी कार्यालय गोलबजारबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले घटनास्थलको मुचुल्का तयार गरी शव पोस्टमार्टमका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताल पठाउने तयारी गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

हालसम्म मृतक महिलाको पहिचान खुल्न सकेको छैन । उनको साथबाट पहिचान खुल्ने कुनै कागजातसमेत फेला नपरेको प्रहरीले जनाएको छ। मृत्युको कारण पनि तत्काल खुल्न सकेको छैन।

# मधेशमा तीन वर्षमा ६३० बलात्कारको घटना



**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेशमा तीन बर्षको अवधिमा ६३० वटा बलात्कारको घटना भएको छ । यसले बार्षिक सदरदर २१० वटा बलात्कारको घटना भइरहेको देखिन्छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नेपाल मानवअधिकार वर्ष पुस्तकअनुसार सन् २०२३ देखि २०२५ सम्म मधेश प्रदेशमा बलात्कारका ६३० घटनामा ३३१ बालिका र २९९ महिला पीडित भएका छन्।

तथ्यांकअनुसार तीन वर्षको अवधिमा बालिका बलात्कारका सबैभन्दा बढी घटना सर्लाहीमा ६७ वटा भएका छन् । सप्तरीमा ५५, सिरहामा ५३, पर्सामा ४०, बारामा ३५, रौतहटमा २८, धनुषामा २७ र महोत्तरीमा २६ वटा घटना भएका छन् । वर्षगत रूपमा हेर्दा सन् २०२५ मा मधेशमा १०१ बालिका बलात्कारका घटना भएका छन्।

सन् २०२४ मा १३० र सन् २०२३ मा १०० वटा घटना भएको इन्सेकको तथ्यांकमा उल्लेख छ । महिलातर्फ भने तीन वर्षमा सबैभन्दा बढी बलात्कारका घटना धनुषामा ९७ वटा भएका छन् । सिरहामा ४३, रौतहटमा ३२, सप्तरीमा २९, पर्सामा २७, महोत्तरीमा २५, सर्लाहीमा २४ र बारामा २२ वटा घटना भएका छन्।

# मृत अवस्थामा फेला परेको युवकको ट्र्याक्टरले किचेर मृत्यु भएको पुष्टि

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका–१ स्थित पर्सा राष्ट्रिय निकुञ्जको भाठामेला जाने बाटोमा मंगलबार बिहान मृत अवस्थामा फेला परेका युवकको ट्र्याक्टरले किचेर मृत्यु भएको पुष्टि भएको छ । उनी बारा जिल्लाको विश्रामपुर गाउँपालिका–५ इटियाही निवासी १७ वर्षीय आकाश राम रहेको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । निकुञ्जको चारभैया पोस्ट नजिक मंगलबार बिहान करिब ८:३० बजे अन्दाजी २५ वर्षको पुरुषको शव बेवारिसे अवस्थामा फेला परेको थियो । शव देखेपछि स्थानीयवासी तथा निकुञ्ज सुरक्षामा खटिएका नेपाली सेनाले प्रहरीलाई खबर गरेका थिए । घटनाको जानकारी पाएलगत्तै घटनास्थलमा पुगेको प्रहरीले शवलाई मंगलबार दिउँसो पोस्टमार्टमका लागि नारायणी अस्पताल पठाएको थियो । सुरुमा मृतकको नाम, थर र ठेगाना खुल्न नसके पनि अस्पतालमा आफन्त पुगेपछि मृतकको पहिचान खुलेको हो । मृतकका बुवा अजय रामले अस्पताल पुगेर शवको शनाखत गरेका छन्।

# सर्पदंशबाट बालकको मृत्यु



**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा सर्पदंशबाट एक ११ वर्षीय बालकको मृत्यु भएको छ । भगवानपुर गाउँपालिका–२ गमहरियाका प्रियांसु भगतको उपचारका क्रममा सोमबार साँझ विराटनगरमा मृत्यु भएको परिवारले जनाएको छ।

भदौ ३ गते राति सुतिरहेको अवस्थामा सर्पले डसेपछि प्रियांसु र उनका ८ वर्षीय भाइ दिव्यांशुलाई उपचारका लागि लहानस्थित प्रादेशिक अस्पताल लगिएको थियो।

त्यहाँबाट थप उपचारका लागि दुवैलाई विराटनगर रेफर गरिएको थियो । उपचारका क्रममा प्रियांसुको मृत्यु भएको हो।

उनका भाइ दिव्यांशुको स्वास्थ्य अवस्था भने सुधारोन्मुख रहेको र उपचारपछि घर फर्काइएको परिवारले जनाएको छ । आर्थिक अवस्था कमजोर रहेको परिवारलाई उपचार खर्च जुटाउन स्थानीयस्तरमा ‘दाजुभाइ बचाउ अभियान’ समेत सञ्चालन गरिएको थियो।

# सूचनाको अधिकार र सार्वजनिक हितलाई सञ्चार प्रणालीले केन्द्रमा राख्नुपर्छः सञ्चारमन्त्री



**मधेशदृष्टि**
**काठमाडौँ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले प्रविधिको तीव्र विकाससँगै सञ्चार क्षेत्र रूपान्तरण भइरहे पनि अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, नागरिकको सूचनाको अधिकार र सार्वजनिक हितलाई सञ्चार प्रणालीको केन्द्रमा राख्नुपर्ने बताएका छन्।

सार्वजनिक सेवा प्रसारण संस्था नेपाल र सामुदायिक रेडियो प्रसारक सङ्घको आयोजनामा आजदेखि काठमाडौँमा सुरु भएको ‘एसिया प्यासिफिक इन्सिच्युट फर ब्रोडकास्टिङ डेभलपमेन्ट’ (एआइबिडी) को २४औँ सम्मेलनलाई सम्बोधन गर्दै सञ्चारमन्त्री डा तिमिल्सिनाले कृत्रिम बौद्धिकता (एआई), डिजिटल प्लेटफर्म र नयाँ प्रविधिलाई आत्मसात् गर्दै सत्यतथ्यसहित विश्वसनीय समाचारमा जोड दिएका हुन्।

उनले सञ्चार प्रविधि परिवर्तन भए पनि नागरिकको सूचना पाउने अधिकार, प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताजस्ता आधारभूत मूल्यमान्यता र सिद्धान्त परिवर्तन हुन नहुने धारणा व्यक्त गरे।

# तस्करीको कपडासहित एक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिका–१ बलुवाबाट प्रहरीले भन्सार छलेर भारतबाट तस्करी गरी ल्याइएको ठूलो परिमाणको कपडासहित एक जनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय सेढवा, प्रहरी चौकी महादेवपट्टी र सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट महादेवपट्टीबाट खटिएको संयुक्त टोलीले बलुवा टोलस्थित कासघारी र धानबारीमा लुकाएर राखिएको १२ पोका कपडासहित एक कारोबारीलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका–१७ का २५ वर्षीय दीपेन्द्र साह रहेका छन्।

प्रहरीका अनुसार भारतको भंगहाबाट रातिको समयमा भन्सार छली नेपाल भित्र्याइएको कपडाका पोका गाउँ नजिकैको कासघारी तथा धानबारीमा लुकाएर राखिएको अवस्थामा बरामद गरिएको हो।

बरामद कपडाको प्रारम्भिक मूल्य करिब १० लाख रुपैयाँ रहेको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीले जानकारी दिए।

# राष्ट्रपतिद्वारा कलशमा छाँया दर्शन



**मधेशदृष्टि**
**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले ऐतिहासिक एवम् परम्परागत चाँगुनारायणको कलश यात्राको क्रममा कलशमा छाँया दर्शन गरेका छन्।

चाँगुनारायण कलश यात्राका पूजारीसहितका सहभागी मंगलबार साँझ राष्ट्रपति भवन शीतल निवास पुगेपछि राष्ट्रपति पौडेलले कलशमा आफ्नो छाँया दर्शन गरी टीका, फूल र प्रसाद ग्रहण गरेका थिए।

भक्तपुरस्थित चाँगुनारायण मन्दिरबाट नारायण, लक्ष्मी र सरस्वतीको प्रतिकका रुपमा तीनवटा कलश पैदल यात्रा गराएर काठमाडौँको हनुमान ढोका तथा वसन्तपुर ल्याउने गरिन्छ।

त्यहाँ विधिपूर्वक पूजा सम्पन्न भएपछि राष्ट्रप्रमुखले कलशमा आफ्नो छाँया दर्शन गरी टीका, फुल र प्रसाद ग्रहण गर्ने परम्परा छ।

# निवर्तमान सभापति सिंहलाई बरबुझारथ गर्न सात दिन म्याद



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाले निवर्तमान सभापति नरेशप्रसाद सिंहलाई पद तथा जिम्मेवारीको बरबुझारथ गर्न सार्वजनिक सूचना जारी गरेको छ।

शाखाले सिंहलाई यसअघि साउन २५ गते हुलाकमार्फत रजिष्ट्री गरी पत्र पठाए पनि उक्त पत्र फिर्ता भएको जनाएको छ । पत्र फिर्ता भएपछि पनि सिंह हालसम्म शाखाको कार्यालयमा उपस्थित भई पद तथा जिम्मेवारीको बरबुझारथ नगरेको शाखाको भनाइ छ।

शाखाले सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र कार्यालयमा उपस्थित भई आवश्यक बरबुझारथ गर्न सिंहलाई आग्रह गरेको छ ।

तोकिएको अवधिभित्र बरबुझारथका लागि उपस्थित नभएमा नेपाल रेडक्रस सोसाइटीको विधानअनुसार आवश्यक कारबाही प्रक्रिया अघि बढाइने चेतावनी शाखाले दिएको छ।

संस्थाको जिम्मेवारी हस्तान्तरण तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाउन सम्बन्धित पदाधिकारीले समयमै पद तथा जिम्मेवारीको बरबुझारथ गर्नुपर्ने शाखाले जनाएको छ।

# नेपालले पिकलबलको विश्वकप खेल्ने

**काठमाडौँ।**
नेपालले पिकलबल विश्वकपको तेश्रो संस्करण खेल्ने भएको छ । पहिलोपटक विश्वकपमा सहभागी हुन लागेको नेपाली टोली बिहीबार भियतनामको दानाङ प्रस्थान गर्ने भएको छ।

अगष्ट ३० देखि सेप्टेम्बर ६ तारिखसम्म हुने उक्त प्रतियोगिताको सिनियर क्याटागोरीमा हर्ष सागर तुलाधर, मणिकरत्न शाक्य, दिलभूषण पाठक, फत्तेबहादुर खड्का, शर्मिला केसी र प्रतिमा प्रधानले प्रतिस्पर्धा गर्ने छन्।

त्यस्तै, ओपन क्याटागोरीमा ज्याक्सन सुवेदी, सन्देश श्रेष्ठ, उमिद शेर्पा, उगेन शेर्पा, दावा शेर्पा, राधेश्याम मचामसी, महेश शर्मा, सरुसा मगर, डा. दिक्षा राणा, सञ्जील कन्साकार र किरण खनालले भाग लिने छन्।

टोलीको व्यवस्थापक तथा प्रशिक्षकमा सौरभ भण्डारी रहेका छन् । सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य–सचिव रामचरित्र मेहताले मंगलबार आयोजित कार्यक्रममा टोलीलाई बिदाइ गरे।

# मुक्त हरवा–चरवाको जनकपुरधाममा र्‍याली



**मधेशदृष्टि**
**जनकपुरधाम।**
हरवाचरवा समुदायले सरकारले हरवाचरवा मुक्तिको घोषणा गरेको चार वर्ष बितिसक्दा पनि वास्तविक पहिचान र मुक्ति अझै सुनिश्चित हुन नसकेको गुनासो गरेका छन्।

कानुनी रूपमा मुक्ति घोषणा भए पनि आफू अझै पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहनुपरेको भनी उनीहरुले मधेश प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन्।

आफूहरुको वास्तविक पहिचान र प्रमाणीकरण नगरी सरकारले ल्याएका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने भन्दै उनीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मूलगेटमा धर्ना दिए।

धर्नामा सहभागीले 'हरवाचरवाको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका २०८०' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्न माग गरे।

उनीहरुले तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरण प्रक्रियालाई तीव्रता दिन पनि सरकारको ध्यानाकर्षण गराएका छन् । मधेश प्रदेशका आठ वटै जिल्लामा स्थानीय तहसँग समन्वय गरी हरवाचरवाको लगत सङ्कलन तत्काल सुरु गर्न तथा भूमिहिनको जबरजस्ती विस्थापन रोक्दै भूमि वितरण र पुनःस्थापनाको प्रक्रिया अघि बढाउन सरकारसँग माग गरिएको छ।

मुक्त हरवाचरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सदाले समुदायको समस्या समाधानका लागि सरकारसँग माग गरिए पनि आवाज सम्बोधन नभएको गुनासो गरे। प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायलाई पूर्णरूपमा मुक्त गर्दै भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा कृषि व्यवसायमा सम्मानजनक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ।

कृषि क्षेत्रमा पुस्तौँदेखि बाध्यकारी श्रम गर्दै आएका उक्त समुदायका अधिकांश परिवार अझै ऋणको नाममा न्यून वा विना ज्यालामा श्रम गर्न बाध्य रहेको मुक्त हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दशरथ मण्डलले बताए । उनले आफनो समुदायलाई प्रभावकारी पुनःस्थापना र जीविकोपार्जनका कार्यक्रम आवश्यक रहेको बताए। अध्यक्ष मण्डलका अनुसार नेपालमा हरवाचरवाको संख्या एक लाखभन्दा बढी रहेको अनुमान छ।

समुदाय अझै भूमिहिन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट मात्र नभई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा सरकारी सेवामा समान पहुँच प्राप्तबाट बञ्चित हुनु परेको उनीहरुको भनाइ छ । द फ्रिडम फाउण्डेशनका कानुन सल्लाहकार बलराम भट्टराईले असुरक्षित बसोबास, न्यून ज्याला, श्रम स्वतन्त्रताको अभाव, न्यायमा कमजोर पहुँच तथा राजनीतिक प्रभावका कारण हुने शोषण त्यस समुदायका मुख्य समस्या रहेको बताए। विसं २०७९ साउन २ गते तत्कालीन सरकारले हरवाचरवा मुक्तिको घोषणा गरेको थियो । उनले समुदायको पहिचान र प्रमाणीकरण गरी वास्तविक तथ्याङ्क तयार गर्न, परिचयपत्र वितरण गर्न तथा भूमि, आवास र जीविकोपार्जनसँग जोडिएका पुनःस्थापनाका कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराए।

# मधेश सरकारले प्रदेश प्रहरीलाई दियो सञ्चार सामग्री



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले गृह, सञ्चार तथा कानुन मन्त्रालयमार्फत मधेश प्रदेश प्रहरी कार्यालयलाई विभिन्न सञ्चार सामग्री हस्तान्तरण गरेको छ।

मन्त्रालय परिसरमा आयोजित कार्यक्रममा गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख ओमप्रसाद अधिकारीलाई सञ्चार सामग्री हस्तान्तरण गरे।

सुरक्षित मधेश निर्माणका लागि प्रहरीको सञ्चार प्रणालीलाई थप प्रभावकारी, व्यवस्थित र प्रविधिमैत्री बनाउन सामग्री खरिद गरी हस्तान्तरण गरिएको मन्त्री महतोले बताए । सञ्चार सामग्रीको उपलब्धताले प्रहरीलाई सूचना आदानप्रदान, समन्वय तथा सुरक्षा व्यवस्थापनमा थप सहजता पुग्ने उनले बताए।

शान्ति–सुरक्षा कायम गर्न प्रहरीको भूमिका महत्वपूर्ण रहेकाले आवश्यक स्रोतसाधन उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको मन्त्री महतोले बताए।

मन्त्रालयका अनुसार हस्तान्तरण गरिएका सञ्चार सामग्रीको प्रयोगले प्रहरीका विभिन्न इकाइबीच सूचना सम्प्रेषण तथा समन्वयलाई थप चुस्त बनाउनेछ।

कार्यक्रममा मधेश प्रदेश प्रहरी कार्यालयका अधिकारी तथा मन्त्रालयका कर्मचारीको उपस्थिति थियो।

# मधेश प्रदेशमा मोहम्मद जयन्तीमा बिदा

**जनकपुर।**
मधेश प्रदेश सरकारले मोहम्मद जयन्ती (मोहम्मद दिवस) को अवसरमा मुस्लिम धर्मावलम्बीलाई प्रदेशभर यही भदौ १० गते बिदा दिने निर्णय गरेको छ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता राधेशङ्करप्रसाद पालले आज सूचना जारी गर्दै बुधबार परेको मोहम्मद जयन्तीका अवसरमा मुस्लिम धर्मावलम्बीका लागि बिदा दिने निर्णय भएको जानकारी दिए।

सूचनामा नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार मोहम्मद जयन्तीका दिन नेपाली मुस्लिम धर्मावलम्बीका लागि बिदा दिने व्यवस्था भए बमोजिम प्रदेशमा बिदा दिने निर्णय गरिएको उल्लेख छ।

मन्त्रालयले बिदासम्बन्धी निर्णयबारे प्रदेशका सम्बन्धित सबैलाई जानकारी गराएको छ।

# मधेशमा एक वर्षमै झण्डै दुई हजार उद्योग–व्यवसाय बन्द



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा आर्थिक गतिविधिमा सुस्तता र लगानीको वातावरण कमजोर बन्दै जाँदा एक वर्षमै झण्डै दुई हजार उद्योग तथा व्यवसाय बन्द भएका छन्।

मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८२र८३ मा प्रदेशभर १ हजार ९ सय ३८ उद्योग तथा व्यवसायको लगत कट्टा भएको छ। लगत कट्टा हुनेमा ८ सय २१ उद्योग र १ हजार १ सय १७ वाणिज्यतर्फका व्यवसाय छन्।

मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोका अनुसार सोही अवधिमा प्रदेशमा ५ हजार ६८ नयाँ उद्योग दर्ता भएका छन्। नयाँ उद्योग दर्तामा पर्सा सबैभन्दा अगाडि छ। पर्सामा १ हजार १ सय १, धनुषामा ७ सय ७७, बारामा ६ सय ३९, सर्लाहीमा ६ सय ३६, सिरहामा ५ सय ५४, रौतहटमा ५ सय ३३, महोत्तरीमा ५ सय १४ र सप्तरीमा ३ सय १४ नयाँ उद्योग दर्ता भएका छन्।

उद्योगतर्फ नयाँ दर्तासँगै नवीकरण गर्नेको संख्या पनि उल्लेख्य छ । गत आर्थिक वर्षमा ७ हजार ५ सय ४० उद्योग नवीकरण भएका छन्। वाणिज्यतर्फ ६ हजार १२२ निजी फर्म र १८ साझेदारी फर्म नयाँ दर्ता भएका छन् भने ११ हजार १ सय ४४ वाणिज्य व्यवसाय नवीकरण भएका छन्।

उद्योग तथा वाणिज्यसम्बन्धी दर्ता, नवीकरणलगायतका सेवाबाट प्रदेश सरकारले गत आर्थिक वर्षमा ५ करोड २६ लाख ४९ हजार ५ सय ६२ रुपैयाँ राजस्व संकलन गरेको छ।

तर, नयाँ उद्योग तथा व्यवसाय दर्ता र नवीकरणको संख्या उल्लेख्य भए पनि ठूलो संख्यामा पुराना उद्योग तथा व्यवसायको लगत कट्टा हुनुले प्रदेशको औद्योगिक वातावरणमा चुनौती थपिएको देखिन्छ।

मन्त्रालयका अनुसार विश्वव्यापी आर्थिक तरलताको प्रभाव, बैंक तथा वित्तीय संस्थाबाट ऋण प्रवाहमा कमी र व्यवसायीमा पूँजी अभावजस्ता कारणले उद्योग तथा व्यवसाय बन्द हुने क्रम बढेको हो। स्थानीय तहबाट समेत उद्योग दर्ता हुन थालेकाले प्रदेश सरकारअन्तर्गतको लगत कट्टा हुने संख्या बढेको मन्त्रालयको भनाइ छ।

नयाँ उद्योग दर्ता र नवीकरणको क्रम जारी रहँदा पनि हजारौँ उद्योग तथा व्यवसायको लगत कट्टा हुनु मधेशको औद्योगिक क्षेत्र अझै दबाबमा रहेको संकेतका रूपमा देखिएको छ । लगानीको वातावरण सुधार, सहज कर्जा प्रवाह र व्यवसायीको पूँजीगत समस्या समाधान गर्न नसके उद्योग तथा व्यवसाय बन्द हुने क्रमले रोजगारीसँगै प्रदेशको राजस्वमा समेत असर पार्न सक्ने देखिन्छ।

# आएकै हो त चीनबाट जनै ?

**काठमाडौँ।**
विभिन्न सञ्चारमाध्यममा चीनबाट जनै आयात भइरहेको समाचार सार्वजनिक भए पनि भन्सार विभागले भने जनै आयात नभएको स्पष्ट पारेको छ । विभागको तथ्याङ्कअनुसार भारत र चीनबाट 'कटन थ्रेड्स' अर्थात् धागो आयात भएको देखिए पनि त्यसलाई जनै भन्न नमिल्ने स्पष्ट पारेको हो।

आयात गरिने सामानको विश्वव्यापी रूपमा बुझिने 'कोड' नाम राखिएको हुन्छ । जनैको त्यस्तो छुट्टै कोड नाम नभएकाले धागोकै रूपमा आउन र त्यसलाई जनै नै आएको हो भनी भन्न नसकिने विभागका तथ्याङ्क निर्देशक हरि ओम पोखरेलले रासससलाई बताए । उनका अनुसार आर्थिक वर्ष २०८२–८३ मा एक लाख १८ हजार ४ सय ६८ किलो सिउने धागोका नाममा नेपाल आयात भएको देखिन्छ।

यसैगरी चालु आर्थिक वर्षको अहिलेसम्ममा १० हजार १८४ केजी धागो आयात भएको उनले बताए । त्यसमध्ये भारतबाट सात हजार १ सय ४४ केजी र चीनबाट दुई हजार ९ सय ९६ केजी आयात भएको छ । जापानबाट पनि ४४ केजी धागो आयात भएको विभागले जनाएको छ।

# प्रदेशवासीको मुद्दा प्राथमिकतामा राखिने छः मुख्यमन्त्री

**मकवानपुर।**
बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले प्रदेशवासीका मुद्दालाई प्राथमिकतामा राख्दै बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्रदेशसभाको बैठकमा मंगलबार विश्वासको मत माग्ने क्रममा उनले प्रदेश सरकारलाई प्रशासन चलाउने संरचनाभन्दा जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने सरकारका रूपमा स्थापित गर्ने बताए।

उनले प्रदेशसभाबाट बजेट पारित भइसकेकाले त्यसको प्रभावकारी कार्यान्वयनमा आफ्नो भूमिका हुने बताए । सरकारको न्यूनतम साझा कार्यक्रम छिट्टै सार्वजनिक गर्ने उनको भनाइ छ । उनले उपलब्ध साधनस्रोतको समुचित प्रयोगबाट प्रदेशवासीको आशा र अपेक्षा सम्बोधन गर्नु आफ्नो जिम्मेवारी भएको बताए।

प्रदेश सरकारले स्वास्थ्य, शिक्षा, कृषि, वन, पर्यटन, रोजगारी र सहज सार्वजनिक सेवामा जोड दिने उनले बताए । गरिब नागरिकले उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न प्रभावकारी भूमिका खेल्ने बताउँदै मुख्यमन्त्री थापामगरले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार, शिक्षाको



गुणस्तर, प्रविधिको प्रयोग, शिक्षक क्षमता विकास र विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले किसानलाई अनुदानमा मात्र सीमित नराखी उत्पादनदेखि बजारसम्म जोड्ने नीति लिइने बताए।

युवाको विदेशपलायन रोक्न प्रदेशमै उद्योग, पर्यटन, सूचना प्रविधि, कृषि, साना उद्यम र खेलकुदमार्फत रोजगारी सिर्जना गर्ने सरकारको लक्ष्य रहेको उनले उल्लेख गरे । विकास योजनामा ढिलाइ हुने प्रवृत्ति अन्त्य गर्न आवश्यकताका आधारमा योजना छनोट, समयमै ठेक्का प्रक्रिया, गुणस्तरीय निर्माण र समयमै आयोजना सम्पन्न गर्ने प्रणाली विकास गरिने मुख्यमन्त्री थापामगरको भनाइ छ।

बागमतीमा सङ्घीय राजधानीसहित ठूलो जनसङ्ख्या, आर्थिक गतिविधि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारको सम्भावना रहे पनि दुर्गम भूगोल, ग्रामीण क्षेत्र, विपन्न तथा सीमान्तकृत समुदाय अझै आधारभूत सेवाबाट टाढा रहेको उनको भनाइ छ। मुख्यमन्त्री थापाले सरकार सत्ता पक्षको मात्र नभई प्रदेशका सबै जनताको सरकार भएको बताउँदै प्रतिपक्षको आलोचनालाई विरोधका रूपमा नभई सरकारलाई सही बाटोमा हिंडाउने खबरदारीका रूपमा लिइने प्रष्ट पारे।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन